लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको मासिक प्रकाशन

वर्ष २, अंक १०, २०७५ मंसिर (Year 2, Issue 10, Nov/Dec. 2018)

लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न



प्रदेश नं. ३ को हेटौंडामा आयोजित अन्तरक्रिया तथा छलफल कार्यक्रममा सहभागी पदाधिकारीहरु

२०७५ मंसिर,

सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश, ५ नं. प्रदेश, ३ नं. प्रदेश र गण्डकी प्रदेशका माननीय मुख्यमन्त्रीको प्रमुख आतिथ्यता र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको अध्यक्षतामा सम्बन्धित प्रदेशहरुमा लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा प्रदेश प्रमुख सचिव, प्रदेश सचिवहरु, प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समितिका पदाधिकारी, स्थानीय तहका प्रमुख, जिल्लास्थित सरकारी निकायका प्रमुख, लेखा प्रमुख, पत्रकार र नागरिक समाजका प्रतिनिधि लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा लेखापरीक्षणको क्षेत्र, उद्देश्य र पद्धतिबारे कार्यालयका उप-महालेखापरीक्षक, प्रदेशको लेखा, लेखापरीक्षण र समसामयिक विषयमा प्रदेशका प्रमुख सचिव र जिल्लाको समग्र सेवा प्रवाह स्थितिबारे सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले प्रस्तुतीकरण गर्नुभएको थियो । त्यसैगरी जिल्ला समन्वय समिति र स्थानीय तहका प्रमुखले जिल्लास्थित स्थानीय तहको कार्यसम्पादन अवस्था, देखिएका समस्या र सुधारका पक्षबारे आफ्नो भनाइ राख्नुभएको थियो । त्यस क्रममा लेखा, लेखापरीक्षण, बेरुजू, सम्परीक्षणका विविध विषयमा सहभागीले आफ्नो जिज्ञासा राखेका थिए ।

क्रमशः पेज ६ मा

यस भित्र .....

क्र.सं.	विषय	पेज नं.
१	प्रथम चरणको लेखापरीक्षण समीक्षा	३
२	नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पार्षद्हरुसँग छलफल	३
३	नेपाल राष्ट्र बैंकको लेखापरीक्षण प्रगति समीक्षा	४
४	हरित समूहको २० औं वार्षिक साधारण सभा सम्पन्न	५
५	लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रमसँग सम्बन्धित तस्वीरहरु	८
६	अन्तर्राष्ट्रिय गतिविधि	१४
७	वैदेशिक तालिम तथा कार्यक्रममा सहभागिता	१८

संरक्षक
माननीय महालेखापरीक्षक
श्री टंकमणि शर्मा दंगाल

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री ईश्वर नेपाल

सम्पादक मण्डल
संयोजक
श्री विष्णुप्रसाद रिजाल

सदस्य
श्री महेश पौड्याल
श्री दिपक आचार्य
श्री सरस्वती थापा

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं ।
फोन नं. ०१-४२६२९५८
फ्याक्स नं. ०१-४२६८३०९
E-mail: oagnep@ntc.net.np
info@oag.gov.np
Website: oagnep.gov.np

नोटिस बोर्ड नं
१६१८०१४२५३२७०

सम्पादकीय .....

संविधान तथा प्रचलित कानुनी व्यवस्था अनुसार तोकिएका निकायको आर्थिक वर्ष २०७४/७५ को अन्तिम लेखापरीक्षण गर्न नेपालका माननीय महालेखापरीक्षकज्यूबाट स्वीकृत वार्षिक लेखापरीक्षण योजना अनुसार दोस्रो चरणको लेखापरीक्षण सम्पन्न गरी तेस्रो चरण अन्तर्गत २० जिल्लामा ४२ वटा लेखापरीक्षण डोर यही पौष दोस्रो हप्तादेखि खटिन गईरहेका छन् ।

मुलुकमा संघीय संरचनाको कार्यान्वयनको शुरुवातसँगै यस वर्षको लेखापरीक्षणका नतिजा प्रति सरोकारवाला सबैको विशेष ध्यान आकृष्ट भएको छ । यसका अतिरिक्त विकास निर्माण र सेवा प्रवाह सम्बन्धमा प्रदेश सरकार र स्थानीय तहबाट ठूलो मात्रामा सार्वजनिक स्रोतको प्रयोग हुन गईरहेको छ । उल्लेखित सन्दर्भमा प्रदेश सरकार र स्थानीय तहको कानुनी व्यवस्था, संगठन संरचना, विकास निर्माण, स्रोत संकलन र परिचालन, सेवा प्रवाह लगायतका विषयमा आलोचनात्मक टिप्पणी गरी सुधारका लागि दिशानिर्देश गर्नु महालेखापरीक्षकको कर्तव्य र दायित्व रहेको छ । त्यसैले महालेखापरीक्षकको उक्त कर्तव्य र दायित्व पुरा गर्ने सन्दर्भमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउँदै लेखापरीक्षण कार्यलाई अझ बढी गुणस्तरीय, विश्वसनीय र नतिजामुखी बनाउनु सबै लेखापरीक्षकको साझा जिम्मेवारी बनेको छ । जसबाट संघीय, प्रदेश सरकार र स्थानीय तहमा देखिएका समस्या तथा कमजोरी सुधार गर्दै तिनको शासकीय क्षमता बढाउन संघीय स्वरुपको दिगोपना, विकास निर्माण र सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा सार्वजनिक स्रोतको अधिकतम सदुपयोग गर्दै राष्ट्रको समग्र विकासका कार्यमा महालेखापरीक्षकको विशिष्ट योगदान रहन पुगोस् ।

(यस अंकमा २०७५ आश्विन महिनाका छुट र कार्तिक महिनाका कार्यालय गतिविधिहरु समावेश गरिएको छ । सम्पादक)

माननीय महालेखापरीक्षकज्यूको सन्देश



सार्वजनिक स्रोतको अधिकतम उपयोग र परिचालन गर्न तथा सेवा प्रवाहलाई नागरिक मैत्री बनाई अपेक्षित नतिजाको सुनिश्चितताका लागि सार्वजनिक निकायहरुको बहुपक्षीय सुधारमा सहयोग र दिशानिर्देशन गर्ने कार्यमा सधैं हाम्रो प्रयत्न रहि नै आएको छ ।

सार्वजनिक लेखापरीक्षण सरकारको शासकीय क्षमता अभिवृद्धि गरी वित्तीय अनुशासन कायम गर्ने एक महत्वपूर्ण औजार हो । लेखापरीक्षण र वित्तीय अनुशासन बीच सधैं प्रत्यक्ष र सकारात्मक सम्बन्ध रहेको हुन्छ । गुणस्तरीय लेखापरीक्षणले वित्तीय अनुशासन पालनामा सहयोग पुऱ्याउँछ । त्यसैले सर्वोच्च लेखापरीक्षण संस्थाले लेखापरीक्षणका समग्र पक्षहरुमा समयसापेक्ष सुधारसँगै यसको गुणस्तर, विश्वसनीयता र प्रभावकारितामा समेत पर्याप्त ध्यान दिनुपर्दछ ।

नेपालको संविधान बमोजिम संघीय संरचनाको कार्यान्वयन पश्चात् ३ तहका सरकार क्रियाशील रहेका छन् । तीन तहका सरकार र अन्तर्गतका निकायको लेखापरीक्षण गर्न नेपालको संविधानले महालेखापरीक्षकलाई जिम्मेवारी सुम्पेको छ । लेखापरीक्षण र सम्परीक्षण सम्बन्धमा विशेष गरी प्रदेश सरकार र स्थानीय तहमा केही अस्पष्टतामा रहेको देखिन्छ । प्रदेश तहमा विभिन्न पदाधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया पश्चात संघ, प्रदेश र स्थानीय सरकारलाई तीनै तहका एउटा महालेखापरीक्षक हो भन्ने स्पस्ट गराईएको छ । यस सम्बन्धमा स्वीकृत नीति तथा कार्यक्रम कार्यान्वयन स्थितिको मूल्यांकन, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र सोको कार्यान्वयन पद्दतिलाई नतिजामुखी बनाउन आवश्यक कानुनी प्रबन्ध गर्नुपर्ने देखिन्छ ।

यसै सन्दर्भमा लेखापरीक्षण सम्बन्धी संवैधानिक तथा कानुनी पक्ष, यसको आवश्यकता, महत्व र वित्तीय अनुशासनसँग सम्बन्धित विषयमा छलफल गर्न तथा सरोकारवाला निकायको समस्या र जिज्ञासा समेत जानकारी प्राप्त गरी लेखापरीक्षणको समग्र गुणस्तरमा सुधार गर्ने उद्देश्यले २०७५ मंसिरमा सम्बन्धित निकायका पदाधिकारीसँग प्रदेश र जिल्लास्तरमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । विभिन्न प्रदेशका प्रदेश प्रमुख, मुख्यमन्त्री, मन्त्री, प्रमुख सचिव, सचिव, सभामुख, स्थानीय तह र संघीय सरकार अर्न्तगतका कार्यालय र लेखा प्रमुख लगायतका पदाधिकारीलाई जानकारी गराइएको छ । यसबाट सकारात्मक धारणा विकास हुने अपेक्षा गरिएको छ ।

क्रमशः पेज ७ मा

प्रथम चरणको लेखापरीक्षण समीक्षा

२३ असोज, २०७५

आर्थिक वर्ष २०७४/७५ को प्रथम चरण अन्तर्गत अन्तिम लेखापरीक्षण सम्पन्न भएका काठमाडौं उपत्यका, दार्चुला, बैतडी, डडेल्धुरा, डोटी, अछाम, मुगु, जुम्ला, हुम्ला, डोल्पा, कालिकोट, बझाङ्ग, बाजुरा, दैलेख, जाजरकोट, रुकुम पूर्व, रुकुम पश्चिम, रोल्पा, प्युठान, सल्यान, गुल्मी, अर्घाखाँची, पाल्पा, मुस्ताङ, म्याग्दी, मनाङ, रसुवा, नुवाकोट, सोलुखुम्बु र ओखलढुंगा गरी ३१ जिल्ला तथा बिदेशस्थित नेपाली कुटनीतिक नियोग र सार्वजनिक सस्थानमा खटिएका लेखापरीक्षण टोलीले माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल सहित अन्य पदाधिकारीलाई लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु सम्बन्धमा प्रस्तुतीकरण गरेको छ ।

उक्त कार्यक्रममा लेखापरीक्षणमा संलग्न कर्मचारीले देखिएका प्रमुख व्यहोरा, समस्या र जोखिम बारे जानकारी गराएका थिए । सो क्रममा माननीय महालेखापरीक्षकज्यूले प्रथम चरणको लेखापरीक्षणमा देखिएका सम्भावित जोखिमलाई आगामी दिनमा विशेष ध्यान दिई लेखापरीक्षणको गुणस्तरमा केन्द्रित भई कार्य सम्पादन गर्न निर्देशन दिनुभयो ।



प्रस्तुतीकरण कार्यक्रममा सहभागी हुँदै माननीय महालेखापरीक्षकज्यू सहितका पदाधिकारीहरु

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पार्षद्हरूसँग छलफल

२६ असोज, २०७५

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पार्षद्हरुबीच नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको स्थापनाको उद्देश्य र संस्थाबाट सम्पादित काम-कारबाही सम्बन्धमा महालेखापरीक्षकको कार्यालय बबरमहल, काठमाडौंमा छलफल भयो ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको कानुनी तथा संगठनात्मक सुधारको खाँचो औंल्याउदै आगामी दिनमा संस्थाले सुधार गर्नुपर्ने क्षेत्रहरु बारे प्रकाश पार्नुभयो । उहाँले संस्थाबाट भएका कामको नेपाल सरकारलाई गर्ने प्रतिवेदन प्रणाली, पार्षद्हरुको उत्तरदायित्व र जवाफदेहिता पालना स्थिति, संस्थाको स्वायत्तता र नियमनकारी भूमिकामा देखिएको समस्या, लेखापरीक्षक सदस्यको कार्य सम्पादन स्थिति र त्यसको गुणस्तर तथा विश्वसनीयता, सदस्यको आचरण र अनुशासन पालनाको स्थिति लगायतका विषयमा देखिएका समस्या सुधारका लागि संस्थाको ध्यानाकर्षण गराउनु भयो ।

कार्यक्रममा उहाँले संस्थाको स्वतन्त्र कार्य सम्पादन स्थिति र नियमनकारी भूमिकामा गर्नुपर्ने सुधारका विषयमा चासो र चिन्ता व्यक्त गर्दै यी पक्षमा नतिजामुखी सुधारको अपेक्षा गर्नुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष श्री जगन्नाथ उपाध्यायले संस्थाबाट सम्पादित कार्य र सुधारका विभिन्न पक्ष बारे उल्लेख गर्नुभएको थियो । सो क्रममा उहाँले सरोकारवाला पक्षसँगको सहकार्यमा सुधारका कार्यलाइ तीव्रता दिने बताउनु भयो ।



नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पार्षद्हरुसँग छलफल गर्नुहुदैं माननीय महालेखापरीक्षकज्यू

नेपाल राष्ट्र बैंकको लेखापरीक्षण प्रगति समीक्षा

६ कार्तिक, २०७५

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको उपस्थितिमा नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०७४/०७५ को लेखापरीक्षण प्रगति समीक्षा बैठक सम्पन्न भयो । बैठकमा महालेखापरीक्षकको कार्यालय, नेपाल राष्ट्र बैंकका उच्च पदाधिकारी र बैंकका लेखापरीक्षकहरुको समेत सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले नेपाल राष्ट्र बैंकको लेखापरीक्षण कार्य गुणस्तरीय र विश्वसनीय बनाउन तथा तोकिएकै समयमा लेखापरीक्षण सम्पन्न गर्न लेखापरीक्षकहरुको ध्यानाकर्षण गराउनुभयो ।

सो क्रममा बैंकको लेखापरीक्षण टोलीले बैंकबाट प्रमाणित वित्तीय विवरण २०७५ भाद्र ०५ गते सम्म लेखापरीक्षक समक्ष पेश गर्ने कार्य तालिका रहेकोमा २०७५ आश्विन १२ गते मात्र प्राप्त भएको जानकारी गराँउदैं २०७५ कार्तिक मसान्तअघि लेखापरीक्षण गर्ने कार्यमा कठिनाई भएको उल्लेख गर्दै यसका लागि कार्य तालिका संशोधन गर्नुपर्ने व्यहोरा अवगत गराइएको थियो ।



नेपाल राष्ट्र बैंकको लेखापरीक्षण प्रगति समीक्षा बैठकमा माननीय महालेखापरीक्षकज्यू सहितका पदाधिकारीहरु

हरित समूहको २० औं वार्षिक साधारण सभा सम्पन्न

२० कार्तिक, २०७५

महालेखापरीक्षकको कार्यालयमा कार्यरत कर्मचारीहरुको साझा संस्थाको रुपमा रहेको हरित समूहको २० औं वार्षिक साधारण सभाको माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल ज्यूले उद्घाटन गर्नुभयो । कार्यक्रममा उप-महालेखापरीक्षक र नायव-महालेखापरीक्षक लगायत कार्यालयमा कार्यरत कर्मचारीहरुको उपस्थिति रहेको थियो । वि.सं. २०५४ सालमा स्थापना भएको उक्त समूहले आफ्ना सदस्यहरुको आपसी हितका विषयमा विविध क्रियाकलाप संचालन गर्दै आइरहेको छ ।

सभाले आगामी तीन वर्षका लागि उप-महालेखापरीक्षक श्री राममाया कुँवरको अध्यक्षतामा तपसिल बमोजिमको नयाँ कार्य समिति गठन गरेको छ ।

उपाध्यक्ष श्री त्रिलोचन आचार्य	सचिव श्री महेश पौड्याल
कोषाध्यक्ष श्री लेखबहादुर थापा	सदस्य श्री टीकानाथ अर्याल
सदस्य श्री पिंकी कुमारी दास	सदस्य श्री ललिता ढंगाना
सदस्य श्री कृष्णबहादुर खत्री	सदस्य श्री उमेश पाठक

निर्वाचन पश्चात् नव-निर्वाचित कार्य समितिका अध्यक्ष श्री राममाया कुँवरलाई समूहका तत्कालीन अध्यक्ष उप-महालेखापरीक्षक श्री बाबुराम गौतमले हरित समूहको साँचो हस्तान्तरण गर्नुभएको थियो ।

सो अवसरमा २०७४ सालको माध्यमिक शिक्षा परीक्षा (एस.इ.ई.) मा उत्कृष्ट अंक ल्याउने सदस्यका सन्ततिलाई समूहका संरक्षक माननीय महालेखापरीक्षकबाट कदरपत्र र उपहार प्रदान गर्नुभएको थियो । त्यसैगरी२०७४ कार्तिकदेखि २०७५ असोज मसान्तसम्म कार्यालयबाट सेवा निवृत्त भएका कर्मचारीलाई समेत सम्मान गरिएको थियो । कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले आफ्नो मन्तव्य राख्दै समूहले आफ्ना सदस्य कर्मचारीको हितमा गरेको कार्यको प्रशंसा गर्दै यस्ता कार्यक्रमको निरन्तरताको अपेक्षा समेत गर्नुभयो ।



माननीय महालेखापरीक्षकज्यूबाट २०७४ को एस.इ.ई. परीक्षमा उत्कृष्ट अंक ल्याउने कर्मचारीका सन्ततिलाई सम्मान र कदर पत्र प्रदान गर्दै



२० औं वार्षिक साधारण सभामा सहभागी हुँदै माननीय महालेखापरीक्षकज्यू सहितका पदाधिकारीहरु

लेखापरीक्षण अन्तरक्रिया .....

कार्यक्रमको अन्त्यमा माननीय महालेखापरीक्षकज्यूले सहभागीको तर्फबाट प्रस्तुत जिज्ञासाको सम्बोधन गर्दै बेरुजु नहुने गरी कानूनले तोकेको परिधि भित्र बसी तोकिएको जिम्मेवारी र जवाफदेहिता निर्वाह गर्नेतर्फ सहभागीहरुको ध्यानाकर्षण गराउनु भयो । मन्तव्यको क्रममा उहाँले लेखापरीक्षणबाट देखिने गरेका व्यहोराहरुको बारेमा संक्षिप्त जानकारी गराउँदै जिल्लामा भइरहेको स्थलगत लेखापरीक्षण कार्यमा सम्बन्धित सबैको सहयोगको अपेक्षा गर्नुभयो ।

सो क्रममा महालेखापरीक्षकज्यूले संघीय, प्रदेश र स्थानीय तहको लेखापरीक्षण सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था, प्रतिवेदन प्रणाली, वित्तीय जवाफदेहिता लगायतका विषयमा आफ्नो भनाई राख्नु भएको थियो । सो क्रममा उहाँले सम्बन्धित प्रदेशका माननीय प्रदेश प्रमुख, मुख्यमन्त्री, मन्त्रीहरु, प्रदेश सभाका सभामुख लगायतका पदाधिकारीसँग छुट्टाछुट्टै भेटघाट गर्नुभएको थियो ।महालेखापरीक्षकको कार्यालयको आयोजनामा २०७५ मंसिर महिनामा देहाय बमोजिम अन्तरक्रिया तथा छलफल कार्यक्रमहरु सम्पन्न भएका छन् ।

सि.नं.	मिति र स्थान	कार्यक्रम र सहभागी पदाधिकारीहरु	सहभागीको संख्या
१	२०७५/०८/१५ र १६ गते धनगढी, कैलाली	सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुख श्री मोहनराज मल्ल, माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्ट, माननीय सभामुख श्री अर्जुनबहादुर थापा, प्रदेश संसदीय समितिका पदाधिकारी, प्रदेश मन्त्रालयका मन्त्री, प्रदेश नीति तथा योजना आयोगका पदाधिकारी, प्रदेशका प्रमुख सचिव, प्रदेश सचिव, जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका प्रमुख लगायत जिल्लास्थित सरकारी निकायका प्रमुख र लेखा प्रमुखसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम	२५०
२	२०७५/०८/१८ वीरेन्द्रनगर, सुर्खेत	कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुख श्री दुर्गाकेशर खनाल, माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाही, माननीय सभामुख श्री राजबहादुर शाही, प्रदेश संसदीय समितिका पदाधिकारी, प्रदेश मन्त्रालयका मन्त्री, प्रदेश नीति तथा योजना आयोगका पदाधिकारी, प्रदेशका प्रमुख सचिव, प्रदेश सचिव, जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका प्रमुख लगायत जिल्लास्थित सरकारी निकायका प्रमुख र लेखा प्रमुखसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम	२३०
३	२०७५/०८/१९ बुटवल, रुपन्देही	प्रदेश नं. ५ का माननीय प्रदेश प्रमुख श्री उमाकान्त झा, माननीय मुख्यमन्त्री श्री शंकर पोखरेल, माननीय सभामुख श्री पूर्णबहादुर घर्ती, प्रदेश संसदीय समितिका पदाधिकारी, प्रदेश मन्त्रालयका मन्त्री, प्रदेश नीति तथा योजना आयोगका पदाधिकारी, प्रदेशका प्रमुख सचिव, प्रदेश सचिव, जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका प्रमुख लगायत जिल्लास्थित सरकारी निकायका प्रमुख र लेखा प्रमुखसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम	३०५
४	२०७५/०८/२४ गते काठमाडौंमा	प्रदेश नं. ३ का माननीय प्रदेश प्रमुख श्री अनुराधा कोईराला लगायतका पदाधिकारी	८
५	२०७५/०८/२५ वीरगंज, पर्सा	पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समितिका उप-प्रमुख, स्थानीय तहका प्रमुख लगायत जिल्ला स्थित सरकारी निकायका प्रमुख र लेखा प्रमुख	१६०
६	२०७५/०८/२६ हेटौडा, मकवानपुर	प्रदेश नं. ३ का माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेल, माननीय सभामुख श्री सानुकुमार श्रेष्ठ, प्रदेश संसदीय समितिका पदाधिकारी, प्रदेश मन्त्रालयका मन्त्री, प्रदेश नीति तथा योजना आयोगका पदाधिकारी, प्रदेशका प्रमुख सचिव, प्रदेश सचिव, जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका प्रमुख लगायत जिल्लास्थित सरकारी निकायका प्रमुख र लेखा प्रमुखसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम	२५

७	२०७५/०८/२७ भरतपुर, चितवन	चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका प्रमुख लगायत जिल्ला स्थित सरकारी निकायका प्रमुख र लेखा प्रमुख	१८७
८	२०७५/०८/२८ पोखरा, कास्की	गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवर, माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङ्ग, माननीय सभामुख श्री नेत्रप्रसाद अधिकारी, प्रदेश संसदीय समितिका पदाधिकारी, प्रदेश मन्त्रालयका मन्त्री, प्रदेश नीति तथा योजना आयोगका पदाधिकारी, प्रदेशका प्रमुख सचिव, प्रदेश सचिव, जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका प्रमुख लगायत जिल्लास्थित सरकारी निकायका प्रमुख र लेखा प्रमुखसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम	३१५

अडिट



श्री त्रिलोचन आचार्य
नायव -महालेखापरीक्षक

के हो नि ! त्यस्तो अडिट भन्ने ? यो प्रश्न झिक्छन् भाइ
ठीकै हो तिमीलाई बुझाइदिन्छु खुशी भै भन्छन् दाइ
राज्यको सबै आय छ जे जे राजस्व बन्दछ
हो त्यही पैसा गरेर खर्च यो देश चल्दछ
हिसाब त्यही दुरुस्त नै छ कि छैन भनेर
जाँच्ने र हेर्ने व्यवस्था संविधान मै छ हेर
त्यसको जिम्मा महालेखापरीक्षकको हुने हो
जाँची र बुझी रिर्पोट दिने हरेक वर्षको ।

कानून सबै पालन गरी काममा भएको
खर्चमा त्यस्तो टिप्पणी हुन्न जे भो भो राम्रै भो
तोकेकै ठाउँमा भएको खर्च अडिटले छुँदैन
नियम नाघी गरेको खर्च सदर हुँदैन ।
लगानी भए उचित ठाउँमा
योजना भए सम्पूर्ण पूर्ण
वार्षिक लक्ष्य गरिए पुरा
अडिटले भन्छ राम्रो हो धन्य
नगरी काम गरिए खर्च नतिजा आउन्न
त्यस्तोमा अडिट हरियो मसी कदापि लाउन्न ।

नियम कानून नहेरी बढी
गरेको खर्च असुल हुन्छ
पुस्ट्याईं कागज नराखेपछि
गरेको खर्च अनियमित हुन्छ
लिएर पेश्की नतिरेपछि
त्यो पैसा पनि बेरुजु हुन्छ
नमिल्ने बाटो नहिँड्नु भनी अडिटले सम्झाउँछ
गलत बाटो गएकालाई अडिटले समाउँछ ।

सरकारी काम लेखा र सेस्ता मुल्याङ्कन गरिने
जनताको लागि संसदकोतर्फ रहेर हेरिने
स्वतन्त्र यौटा निकायबाट गरिने काम नै
द्विविधा नहोस् अडिट भाइ यसरी बुझौं है ।

माननीय महालेखापरीक्षकज्यू .....

उक्त कार्यक्रम मार्फत् लेखापरीक्षणको व्यवस्था र अवलम्वन गर्नुपर्ने अभ्यास बारे सरोकारवालालाई थप स्पष्ट पार्ने प्रयास गरिएको छ भने आगामी दिनमा बाँकी प्रदेश अन्तर्गतका अन्य जिल्लामा समेत यस प्रकारको छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने योजना रहेको छ। जसबाट लेखापरीक्षणको समग्र गुणस्तर, विश्वसनीयता र प्रभावमा वृद्धि हुने अपेक्षा लिएको छु। यससँगै प्रदेश र स्थानीय सरकार संचालनको प्रारम्भिक चरणबाट नै वित्तीय जवाफदेहिता र आर्थिक अनुशासन पालनामा उदाहरणीय बन्न सकून भन्ने अपेक्षा राखेको छु।

लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रमसँग सम्बन्धित तस्वीरहरू

क) सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली



सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुख श्री मोहनराज मल्ल र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल सहितका पदाधिकारी



सुदूरपश्चिम प्रदेशका माननीय माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्ट र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल सहितका पदाधिकारी



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल र प्रदेश सभाका माननीय सभामुख श्री अर्जुनबहादुर थापा सहितका पदाधिकारीहरु

ख) कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत



माननीय प्रदेश प्रमुख श्री दुर्गा केशर खनाल र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल सहितका पदाधिकारीहरु



कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाही र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल सहितका पदाधिकारीहरु



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल र कर्णाली प्रदेश सभाका माननीय सभामुख श्री राजबहादुर शाही सहितका पदाधिकारीहरु

ग) ५ नं. प्रदेश बुटवल, रूपन्देही



माननीय प्रदेश प्रमुख श्री उमाकान्त झा र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल सहितका पदाधिकारीहरु



५ नं. प्रदेशको बुटवलमा आयोजित लेखापरीक्षण अन्तरक्रिया कार्यक्रममा सहभागी अतिथिगण



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल र ५ नं. प्रदेश सभाका माननीय सभामुख श्री पूर्णबहादुर घर्ती सहितका पदाधिकारीहरु

घ) ३ नं. प्रदेश, हेटौडा, मकवानपुर



३ नं. प्रदेशका माननीय प्रदेश प्रमुख श्री अनुराधा कोइराला र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल सहितका पदाधिकारीहरु



कार्यक्रममा सहभागी माननीय महालेखापरीक्षक सहितका पदाधिकारीहरु



पर्साको वीरगंजमा आयोजित अन्तरक्रिया कार्यक्रम पश्चात् माननीय महालेखापरीक्षकज्यूसँग सामुहिक तस्वीर लिदै कर्मचारीहरु



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल र प्रदेश सभाका माननीय सभामुख श्री सानुकुमार श्रेष्ठ सहितका पदाधिकारीहरु



चितवनको भरतपुरमा आयोजित लेखापरीक्षण अन्तरक्रिया कार्यक्रममा सहभागी हुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल सहितका पदाधिकारीहरु



चितवनको भरतपुरमा आयोजित लेखापरीक्षण अन्तरक्रिया कार्यक्रममा सहभागी अतिथिगण

ङ) गण्डकी प्रदेश, पोखरा, कास्की



गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवर र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल सहितका पदाधिकारीहरु



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल र प्रदेश सभाका माननीय सभामुख श्री नेत्रप्रसाद अधिकारी सहितका पदाधिकारीहरु



गण्डकी प्रदेशको पोखरामा आयोजित लेखापरीक्षण अन्तरक्रिया कार्यक्रममा सहभागी अतिथिगण

Peak challenge

Tanka Mani Sharma Dangal, Nepal's auditor general, doesn't just aim to root out accounting irregularities, but to reform the whole cycle of public finance management

Having spent the bulk of his professional career in various roles in Nepal's Ministry of Finance, Tanka Mani Sharma Dangal knows the shortcomings in the Himalayan nation's bureaucratic system of government – including the flaws in its financial management – like the back of his hand.

Appointed auditor general in 2017, he is in no doubt about the heavy responsibility he shoulders as the watchdog of the state's resources. 'My office is responsible for ensuring transparency, integrity and accountability in the management of Nepal's public finances so that the state's resources are used for the benefit of all its people,' he declares.

Over the past decade the South Asian country has undergone a protracted political transition, transforming itself from a constitutional monarchy to a parliamentary federal democratic republic. During this challenging period, delays in budget presentation were commonplace, state resources were not used efficiently and expenditure on development initiatives slowed. Last year the Office of the Auditor General (OAG) conducted audits of around NPR4,600bn (US$38.6bn). The latest annual report of the auditor general reported NPR500bn (US$4.2bn) as the cumulative amount of irregularity against NPR396bn (US$3.3bn) in the previous report. The growing number of irregularities highlighted in successive auditor generals' annual reports shows the extent of the challenge.

As the OAG prepares its audit of the 2017/18 financial year, Sharma faces a bigger challenge than ever. Following Nepal's adoption of a new constitution in 2015, and federal, provincial assembly and local-level elections in 2017, the OAG will audit all three tiers of government – federal, provincial and local – for the first time. Auditing at the provincial and local level is a particular challenge, as local authorities are still finding their feet, Sharma points out.

i CV

2017
Auditor general of Nepal

2016
Secretary, Office of the Prime Minister/Council of Ministers

2014–15
Secretary, Public Procurement Monitoring Office, then secretary, Ministry of General Administration

2006–14
Director general/joint secretary, Departments of Cooperatives, Inland Revenue, Customs and Revenue Investigation, Ministry of Finance

1979–2006
Accounts and finance cadre in various government agencies

'The OAG strives to be a credible institution,' he says. 'We work to provide an independent and quality audit service to assure our citizens that public funds are effectively used.'

To fulfil this trust, he believes the OAG must itself work hard to raise the quality of auditing. 'Since we are responsible for the external audit of all constitutional bodies, budget entities, public enterprises and spending units of the government right down to the local level, we must adopt a serious approach,' he says, speaking in his office in Babarmahal, across from Singha Durbar, the country's main administrative hub in Nepal's capital, Kathmandu.

Structural shortcomings

Sharma's office has identified a number of problems in public sector financial management, including in planning and budgeting, the management of expenditure, the timeliness of reporting and submission of financial statements, public procurement, project management and public enterprise management. There are also weaknesses in revenue management, infrastructure development and public service delivery. In this context, Sharma has spoken out about the need for reform of the whole cycle of public finance management in Nepal.

Currently, all three tiers of government have their own set of financial procedures and guidelines. Sharma's fear is that this will lead to a lack of uniformity in public finance management. 'If all 761 governmental units [753 local governments, seven provincial governments and a federal government] have their own financial regulations, it will be difficult to predict the kind of challenge and risk it would pose for the national financial management system,' he says.

While the human resources available for auditing so many government offices (last year it audited around 10,000) are limited, the issue is being addressed. This year Sharma's office



has 614 approved staff positions, and he has four deputy auditors general and 14 assistant auditors general. The function has specialist accounting and audit staff, but few with multidisciplinary skills, Sharma says, adding that it is commendable that so many government entities were audited by this limited staff last year.

The constitution of Nepal makes the auditor general a completely independent institution. However, the OAG is still dependent on the government for human resources and budget. In the past, the OAG had authority to administer its departmental staff. However, this provision was amended in 2006 and shifted to the government. 'At present I have been requesting the government to provide the personnel administration authority for my staff to OAG office as a separate cadre in the new federal civil service act,' he says. 'Making the OAG a credible watchdog to help maintain transparency in the government system is of paramount importance and needs proper resourcing.'

Apart from the regular staff, the OAG contracts in chartered accountants to conduct audits of state-owned enterprises, and other experts as required. As for that resourcing having the skills to carry out high-quality audits, Sharma recognises that professional organisations such as ACCA will play a crucial role. 'The OAG and ACCA should cooperate when it comes to training OAG staff in issues related to financial reporting, taxation, corporate affairs and strategic management,' he says. 'OAG staff have already attended some ACCA courses, such as the Diploma in Public Financial Management and the Certificate in IPSAS.'

> 'The OAG identifies anomalies. It is the media, civil society and parliament that must question the government'

Accounting, reporting and audit in Nepal follow internationally recognised standards and practices, with the final consolidated financial statements being prepared annually and then submitted to the OAG for review and scrutiny. The OAG has adopted a risk-based audit methodology. 'The OAG's current focus is on performance audit on issues of national importance. We're also giving priority to the country's Sustainable Development Goals' preparedness with implementation auditing as well as environmental auditing,' Sharma says. 'We are encouraging stakeholders and citizen participation in the audit process.'

According to Sharma, the OAG undertakes a lot of planning work before conducting audits. 'The government's procedural process, sectoral policy, periodic plan, and annual policy

and programmes are also taken into account, along with the INTOSAI [International Organization of Supreme Audit Institutions] framework of professional pronouncement and international best practice,' he says.

Into the future

One of Sharma's first actions following his appointment in 2017 was to prepare a six-year action plan to cover the period 2017 to 2023. It is a guiding document for the OAG for ensuring accountability in public entities, maintaining transparency in public financing, and clamping down on the misuse of public funds. The plan is intended to improve the system of audit in government offices to ensure sound internal control and good governance. It identifies six areas for reform: institutional setup and working mechanisms; the policy and legal framework; the audit process; quality and effectiveness in audit systems; financial discipline and accountability; and institutional relationships and communication.

'We are actively participating in international forums, such as INTOSAI and ASOSAI [the Asian Organization of Supreme Audit Institutions],' says Sharma. 'The supreme audit institute of Nepal [ie the OAG] was recently elected for a second three-year term as a member of the governing board of ASOSAI. It will enhance our international exposure.'

According to Sharma, a well-equipped audit excellence centre is to be set up, together with an audit follow-up and irregularities clearance unit to carry out effective monitoring and resolve problems of arrears in government offices.

The OAG also has plans for an audit quality assurance unit to drive quality control. Likewise, special sector audit units will be established to perform audits based on sector and degree of risk. 'There are also plans to establish field offices at provincial level to enhance the effectiveness of the audit function in subnational government,' says Sharma.

The AG's action plan, according to Sharma, also targets managing human resources, implementing an office automation system, amending the Audit Act, and developing compliance with international standards.

Sharma believes that good auditing will contribute towards the country's overall development drive. The OAG report diagnoses the state of public finance management and gives a picture of whether state resources are being efficiently and effectively used for public interests. 'The OAG identifies these anomalies in its report,' says Sharma. 'It is the media, civil society and parliament that must question the government. Advocacy by these stakeholders forces the government to act to correct anomalies.'

To this end, he says, the OAG 'puts a lot of effort into making our report understandable by the common people'.

i Basics

Set up in 1959, Nepal's Office of the Auditor General commands significant credibility and is respected by the media and civil society. The auditor general is appointed by the president for a six-year term on the recommendation of the Constitutional Council, with the approval of a parliamentary hearing committee.

The auditor general is responsible for the audit of the office of the president and vice-president, supreme court, federal parliament, provincial assembly, provincial government, local-level government, constitutional bodies and offices, courts, attorney general's office, army, police and all federal, provincial government offices, fully government-owned public enterprises and other institutions as prescribed by the law, and with due consideration to regularity, economy, efficiency, effectiveness and propriety. The auditor general submits the report to the president annually.

System reboot

Despite some institutional weaknesses, Nepal has made significant efforts to improve its public financial management system in recent years. The operation of treasury single account, a line ministry budgetary system, a revenue management information system and an electronic procurement system are some of the measures taken by the government. And, there is a public expenditure and financial accountability secretariat which regularly coordinates work with the OAG.

As well as setting up a public expenditure review commission, the government has launched an integrated public financial management reform project to embed the financial management system in a federal context.

Following last year's general elections, federal, provincial and local governments are all actively engaged in delivering and developing public services. 'The federal parliamentary public accounts committee has been formed and it has started its oversight functions, initiating discussion on auditor generals' reports,' says Sharma. 'After all these efforts, I am hopeful and confident that the government of Nepal will make efficient use of its scarce resources. And, with the continued support of government, development partners, professional advisers and my staff, I am sure the OAG will be able to maintain financial discipline in the country in the days ahead.' AB

Mukul Humagain, journalist in Kathmandu, Nepal

स्रोत : ACCA, London बाट प्रकाशन हुने Accounting and Business (AB) म्यागेजिनको २०१८ नोभेम्बर/डिसेम्बर अंकबाट साभार गरिएको माननीय महालेखापरीक्षकज्यूको अन्तर्वार्ता)

Annual Global Forum मा महालेखापरीक्षकको सहभागिता

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगाल २०७५ कार्तिक १३ देखि १५ सम्म संयुक्त राज्य अमेरिकाको वासिङ्गटन डी.सी.मा विश्व बैंकले आयोजना गरेको Global Partners Forum of the Global Partnership for Accountability (GPSA) अन्तर्गत Annual Global Forum मा Panel Speaker का रुपमा सहभागी हुनु भयो । उक्त कार्यक्रममा विभिन्न देशका नागरिक समाजका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको मुख्य उद्देश्य सार्वजनिक लेखापरीक्षणमा नागरिक समाजसँगको सहकार्य, मानव पूँजीको विस्तार र अन्तर्राष्ट्रिय संस्थाहरुसँग आपसी सद्भावमा वृद्धि गर्नुका साथै सहभागीबीच ज्ञान, सीप तथा अनुभव आदान-प्रदान गर्नु रहेको थियो । लेखापरीक्षणमा नागरिक समाजको सहभागिताले यसका समग्र पक्षलाई थप प्रभावकारी, विश्वसनीय र गुणस्तरीय बनाउन सकिने अपेक्षा गरिएको छ । उक्त कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले नेपालको सार्वजनिक लेखापरीक्षण सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था, लेखापरीक्षणमा अवलम्वन गरिएका असल अभ्यास र यसको प्रभाव बारे मन्तव्य राख्नु भएको थियो ।



कार्यक्रममा सहभागी हुँदै माननीय महालेखापरीक्षकज्यू

विकास मूल्याङ्कन तालिममा सहभागिता

एशियाली विकास बैंकको स्वतन्त्र मूल्यांङ्कन विभाग (IED) तथा एशिया प्यासिफिक फाइनान्स एण्ड डेभलपमेन्ट इन्स्टिच्यूट (AFDI) को सहयोग र समन्वयमा २०१८ नोभेम्बर २६ देखि ३० सम्म जनवादी गणतन्त्र चीनको संघाईमा विकास मूल्याङ्कन सम्बन्धी तालिम सम्पन्न भएको छ । तालिममा नेपाल, भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका, भियतनाम, अफगानिस्तान, कम्बोडिया, इन्डोनेशिया, मलेशिया, फिलिपिन्स, लाओस लगायत एशियाली विकास बैंक, इस्लामिक डेभलपमेन्ट बैंक र न्यू डेभलपमेन्ट बैंकको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा कार्यालयतर्फबाट नायव-महालेखापरीक्षक श्री त्रिलोचन आचार्यले सहभागिता जनाउनु भएको थियो ।

कार्यक्रममा विकास आयोजनाको कार्य प्रारम्भ हुनु अगाडिको बेस लाइन सर्भे तथा आयोजना कार्यान्वयन गरी प्राप्त हुने परिवर्तनलाई लागत लाभ विश्लेषण समेतका आधारमा मूल्यांकन गर्ने सम्बन्धमा प्रशिक्षण एवं अनुभवको आदान प्रदान गरिएको थियो ।



विकास मूल्याङ्कन तालिममा सहभागी विभिन्न देशका प्रतिनिधिहरु

रणनीति तयारी सम्बन्धी समीक्षा गोष्ठीमा सहभागिता

सर्वोच्च लेखापरीक्षण संस्थाहरुको साझा अन्तर्राष्ट्रिय संस्था (इन्टोसाई) को आयोजनामा २०१८ नोभेम्भर २५ देखि डिसेम्बर ७ सम्म सरोकारवालासँगको रणनीति तयारी सम्बन्धी समीक्षा गोष्ठी दक्षिण अफ्रिकाको राजधानी प्रिटोरियामा सम्पन्न भएको छ । ASOSAI, AFROSAI-E, CAROSAI र PASAI अर्न्तगत रहेका २२ देशका सर्वोच्च लेखापरीक्षण संस्थाका ५० प्रतिनिधिहरुको सहभागिता रहेको उक्त कार्यक्रममा नायव-महालेखापरीक्षक श्री पदमराज पौडेलले स्रोत व्यक्तिको रुपमा सहभागिता जनाउनु भयो ।

ASOSAI तथा PASAI मुलुकका लागि २०१८ अगष्ट ६ देखि १७ मा थाईल्याण्ड र AFROSAI-E तथा CAROSAI मुलुकका लागि रणनीति तयारी सम्बन्धी युगाण्डामा सम्पन्न भएको कार्यशाला गोष्ठीको निरन्तरताको रुपमा रणनीति पुनरावलोकन सम्बन्धी समीक्षा गोष्ठी सञ्चालन गरिएको थियो । उक्त गोष्ठीमा विभिन्न देशका सर्वोच्च लेखापरीक्षण संस्थाको अभ्यासमा रहेका वित्तीय टुल्सको जानकारी तथा अनुभवको आदान-प्रदान र समीक्षा गरिएको थियो ।



समीक्षा गोष्ठीमा सहभागी विभिन्न देशका प्रतिनिधिहरु

२०७५ कार्तिक र मंसिर महिनामा भएका वैदेशिक तालिम तथा कार्यक्रममा सहभागिता

सि.नं	पद	पदाधिकारी/कर्मचारीको नाम	कार्यक्रमको नाम	देश	अवधि
१	नायव-महालेखापरीक्षक	श्री त्रिलोचन आचार्य	International Program for Development Evaluation Training	चीन	२०७५/०८/१० - १४
२	नायव-महालेखापरीक्षक	श्री पदमराज पौडेल	SAIs Engaging With Stakeholder	दक्षिण अफ्रिका	२०७५/०८/१३ - २१
३	ले.प.अधिकारी	श्री मन्जु पन्थी	144th ITP on Audit of State owned Enterprises	भारत	२०७५/०७/०५ - ३०

२०७५ कार्तिक र मंसिर महिनामा भएका स्वदेशी तालिममा सहभागिता

सि.नं	पद	कर्मचारीको नाम	कार्यक्रमको नाम	अवधि
१	निर्देशक	श्री नारायणप्रसाद पराजुली	सेवाकालीन तालिम, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७५/०७/२८ -०९/०५
२	निर्देशक	श्री घनश्याम काफ्ले		
३	निर्देशक	श्री चन्द्रकान्त भण्डारी		

२०७५ कार्तिक र मंसिर महिनामा सरूवा भई आएका कर्मचारी

सि.नं	पद	कर्मचारीको नाम	रमाना भई आएको मिति	कैफियत
१	सहायक कम्प्यूटर अपरेटर	श्री हरि अधिकारी	२०७५/०७/१४	
२	सहायक कम्प्यूटर अपरेटर	श्री रामबहादुर विष्ट	२०७५/०८/०३	
३	सहायक कम्प्यूटर अपरेटर	श्री अस्मिता तामाङ्ग	२०७५/०८/१३	

२०७५ कार्तिक र मंसिर महिनामा नियुक्त कर्मचारी

सि.नं	पद	कर्मचारीको नाम	शुरु नियुक्ति	कैफियत
१	लेखापरीक्षण अधिकारी	श्री अर्जुनकुमार चौधरी	२०७५/०७/०५	नेपाल सरकार राजपत्रांकित तृतीय श्रेणी लेखापरीक्षण अधिकारीमा सिफारिस भै आएका
२	लेखापरीक्षण अधिकारी	श्री विदुर सापकोटा	२०७५/०७/०५	
३	लेखापरीक्षण अधिकारी	श्री रविन ढकाल	२०७५/०७/०५	
४	लेखापरीक्षण अधिकारी	श्री निलकन्ठ चापागाई	२०७५/०७/०५	
५	लेखापरीक्षण अधिकारी	श्री मल्लीका श्रेष्ठ	२०७५/०७/०५	
६	लेखापरीक्षण अधिकारी	श्री राजिव बस्नेत	२०७५/०७/०५	
७	लेखापरीक्षण अधिकारी	श्री सुशिला पौडेल	२०७५/०७/०५	
८	लेखापरीक्षण अधिकारी	श्री योगेश चौधरी	२०७५/०७/०५	
९	लेखापरीक्षण अधिकारी	श्री जयप्रकाश ठाकुर	२०७५/०७/०५	
१०	लेखापरीक्षण अधिकारी	श्री डेनिस शाह	२०७५/०७/०५	

२०७५ कार्तिक र मंसिर महिनामा रमाना भई गएका कर्मचारी

सि.नं	पद	कर्मचारीको नाम	रमाना भई गएको मिति	कैफियत
१	लेखापरीक्षण अधीक्षक	श्री विमल पौडेल	२०७५/०७/०४	नेपाल सरकार राजपत्रांकित तृतीय श्रेणी शाखा अधिकृतमा सिफारिस
२	लेखापरीक्षण अधीक्षक	श्री कोपिला पौडेल	२०७५/०७/०४	
३	लेखापरीक्षण अधीक्षक	श्री शिव कोइराला	२०७५/०७/०४	
४	लेखापरीक्षण अधीक्षक	श्री जयप्रसाद गौतम	२०७५/०७/०४	
५	लेखापरीक्षण अधीक्षक	श्री मेघनाथ गौतम	२०७५/०७/०४	
६	लेखापरीक्षण अधीक्षक	श्री शिला खनाल	२०७५/०७/०४	
७	सहायक कम्प्यूटर अपरेटर	श्री रवि लामा	२०७५/०७/०९	कम्प्यूटर अपरेटरमा सिफारिस
८	सहायक कम्प्यूटर अपरेटर	श्री कोमल गुप्ता	२०७५/०७/०८	

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२००२

स्वर्गारोहण:
वि.सं.
२०७५ मंसिर २९

स्व. जयमती गुरौं

यस कार्यालयका निर्देशक श्री शिवराम गुरौंकी ममतामयी माता जयमती गुरौंको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं, यस दुःखद् घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९९०, भदौ

स्वर्गारोहण:
वि.सं.
२०७५ कार्तिक, १४ गते

स्व. उदयप्रसाद अधिकारी

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री नारायण प्रसाद अधिकारीका पूजनीय पिता उदयप्रसाद अधिकारीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं, यस दुःखद् घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

महालेखापरीक्षकको कार्यालय

बबरमहल, काठमाडौं

सार्वजनिक अनुरोध

नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ र अन्य प्रचलित कानुनले तोके बमोजिमका निकायहरुको लेखापरीक्षण गर्न तेस्रो चरण अन्तर्गत २०७५ पुसको दोस्रो हप्ता देखि धादिङ, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, सर्लाही, महोत्तरी, धनुषा, उदयपुर, सिराहा, सप्तरी, सुनसरी, मोरङ, धनकुटा, तेह्रथुम, झापा, ईलाम, पाँचथर र ताप्लेजुङ्ग गरी जम्मा २० जिल्लामा लेखापरीक्षण टोली खटिन गईरहेका छन् । यस सन्दर्भमा सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोग, विकास निर्माण, राजस्व तथा खर्च र सेवा प्रवाहका सम्बन्धमा कुनै किसिमको अनियमितता, दुरुपयोग वा हिनामिनाका विषय लेखापरीक्षणको सिलसिलामा हेर्न/परीक्षण गर्न सकिने हुँदा उल्लेखित विषयमा कुनै जानकारी भएमा यस कार्यालयबाट खटिएको लेखापरीक्षण टोली वा यस कार्यालयलाई जानकारी गराईदिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

साथै यस कार्यालयबाट सम्पादन गरिने कामको सम्बन्धमा गरिनुपर्ने सुधारका विषयमा कुनै सुझाव, सल्लाह एवं गुनासा भएमा देहायको ठेगानामा जानकारी गराई उद्देश्यमूलक, विश्वसनीय र गुणस्तरीय लेखापरीक्षण गर्ने कार्यमा सहयोग पुऱ्याउन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ ।

पत्राचार वा सम्पर्क गर्ने ठेगाना

महालेखापरीक्षकको कार्यालय, बबरमहल काठमाडौं ।
पोष्ट बक्स नं. १४४२८
फोन नं. : ०१-४२६२९५८,४२१२५४४, ४२६२७९८, ४२६२३८२
फ्याक्स नं. ०१-४२६२७९८, ४२६८३०९
इमेल : oagnep@ntc.net.np, info@oag.gov.np
वेभसाइट : www.oagnep.gov.np